**आकाशवाणी समाचार- नेपाली**

मितिः १२ जुलाई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्समार्फत विभिन्न सरकारी विभाग र संस्थाका ५१ हजारभन्दा अधिकलाई नियुक्तिपत्र प्रदान गर्नुहुनेछ।

२. केन्द्रीय गृहमन्त्री अमित शाह केरलाको दुई दिने भ्रमणका लागि गएराति तिरुवनन्तपुरम पुग्नुभएको छ।

३. रक्षामन्त्री राजनाथ सिंहले एनसीसी युवाहरुका लागि आदर्श मञ्च भएको बताउनु भएको छ।

४. विमान दुर्घटना अनुसन्धान ब्यूरोले गत महिना अहमदाबादमा भएको एयर इन्डियाको विमान दुर्घटनाको १५ पृष्ठको प्रारम्भिक जाँच रिपोर्ट सार्वजनिक गरेको छ।

५. विम्बलडन टेनिसको एकल फाईनल तय, महिला एकलमा पोल्याण्डकी इगा स्वेताकेले अमेरिकाकी अमांडा अनिसिमोवाको तथा पुरुष एकलमा यानिक सिनरले कार्लोस अल्काराजको सामना गर्ने

**प्रधानमंत्री रोजगार मेला**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्समार्फत विभिन्न सरकारी विभाग र संस्थामा रहेका ५१ हजारभन्दा अधिक युवाहरुलाई नियुक्तिपत्र वितरण गर्नुहुनेछ। सो अवसरमा उहाँले युवालाई सम्बोधन पनि गर्नुहुनेछ। यो कार्यक्रम सरकारको रोजगार मेला अभियानको एक हिस्सा हो। १६ औं रोजगार मेला देशका ४७ स्थानमा आयोजना हुनेछ। केन्द्र सरकारका धेरै मन्त्रालय र विभागहरूमा भर्ती भइरहेको छ। नयाँ भर्नाका लागि देशभरबाट छानिएका व्यक्तिहरूलाई गृह, स्वास्थ्य तथा परिवार कल्याण, श्रम तथा रोजगार मन्त्रालय, हुलाक विभाग र अन्य विभागमा नियुक्ती प्रदान गरिनेछ। देशभरका रोजगार मेलामार्फत हालसम्म १० लाखभन्दा अधिक नियुक्तिपत्र जारी भईसकेको छ। रोजगार मेला प्रधानमन्त्री नरेन्द्र मोदीको रोजगारी सिर्जनालाई उच्च प्राथमिकता दिने प्रतिबद्धता पूरा गर्ने दिशामा एक कदम हो। मेलाले युवा सशक्तीकरणका लागि अर्थपूर्ण अवसर प्रदान गर्न र राष्ट्र निर्माणमा उनीहरूको सहभागिताका लागि महत्वपूर्ण भूमिका खेल्नेछ।

**अमित शाह-केरल दौरा**

केन्द्रीय गृहमन्त्री अमित शाह केरलाको दुई दिने भ्रमणका लागि गएराति तिरुवनन्तपुरम पुग्नुभएको छ। उहाँलाई विमानस्थलमा भाजपाका वरिष्ठ नेता तथा कार्यकर्ताले स्वागत गरेका थिए। शाह आज राजधानीमा हुने विभिन्न कार्यक्रममा सहभागी हुनुहुनेछ। यसैक्रममा उहाँले बिहान तिरुवनन्तपुरममा भाजपाको नयाँ मुख्यालयको उद्घाटन गर्नुहुनेछ। त्यसपछि उहाँले तिरुवनन्तपुरमको पुथारिकन्दम मैदानमा बुथ स्तरीय पार्टी कार्यकर्ताको सभालाई सम्बोधन गर्नुहुनेछ भने शाहको दिउँसो कन्नूरका लागि प्रस्थान गर्ने र दिउँसो तालीपरम्बास्थित राजाराजेश्वर मन्दिरमा पूजाअर्चना गर्ने कार्यक्रम रहेको छ।

**राजनाथ-राष्ट्रीय कैडेट**

रक्षामन्त्री राजनाथ सिंहले नेसनल क्याडेट कोर (एनसीसी) युवाका लागि आदर्श मञ्च भएको बताउनु भएको छ। श्री सिंहले भन्नुभयो पूर्व एनसीसी क्याडेटहरू राष्ट्रको बलियो खम्बा हुन् जसले विभिन्न क्षेत्रमा देशको विकासमा सक्रिय योगदान पुर् याउँदै

आएका छन्। नयाँ दिल्लीमा **राष्ट्रीय कैडेट कोर पूर्व छात्र संघ**को पहिलो गभर्निङ काउन्सिल बैठकको अध्यक्षता गर्दै रक्षामन्त्री सिंहले यस्तो बताउनु भएको हो । एनसीसीसीए, पूर्व एनसीसी क्याडेटहरूको एक प्रमुख संगठन हो जसले विश्वको सबैभन्दा ठूलो वर्दीधारी युवा संगठनको विरासतलाई अगाडि बढाउने लक्ष्य राख्दछ। यो संस्थाले राष्ट्र निर्माणमा पूर्व र वर्तमान क्याडेटहरुको सहभागितालाई एउटै मञ्चमा ल्याएर थप सशक्त बनाउने काम गर्दछ ।

**पीयूष-समीक्षा**

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले व्यवसाय गर्न सजिलो बनाउने उदेस्यको साथमा हिजो वरिष्ठ अधिकारीहरूसँग समीक्षा बैठक गर्नुभयो। एक सोशल मीडिया पोस्टमा श्री गोयलले सरकार अनुपालन बोझ कम गरेर र कानूनलाई अपराधमुक्त गरेर विश्वासमा आधारित शासनलाई सुदृढ गर्न प्रतिबद्ध गरेको बताउनु भयो। यसका साथै उहाँले सरकारले उद्यमीलाई बाधाबिनै नवप्रवर्तन र विस्तार गर्न सक्ने प्रणालीको विकास गरिरहेको बताउनु भयो ।

**निर्वाचन आयोग-बिहार**

निर्वाचन आयोगले बिहारमा जारी मतदाता नामावलीको विशेष गहन पुनरीक्षण प्रक्रियाका क्रममा लगभग सात करोड़ नब्बे लाख मतदातामध्ये ७४ प्रतिशतभन्दा अधिकले आफ्नो गणना फारम बुझाएको जनाएको छ । आयोगले ती फारम 25 जुलाईसम्म बुझाउन सकिने जनाएको छ ।विशेष सघन पुनरीक्षण प्रक्रिया अभियानको दोस्रो चरणमा बुथ लेभल अफिसर (बिएलओ) घरदैलोमा गएर मतदातालाई सहयोग पुरयाउन र भरेको गणना फाराम सङ्कलन गर्न लागिएको आयोगले जनाएको छ । आयोगका अनुसार ३८ जना जिल्ला चुनाव अधिकारिहरु, मतदाता पञ्जीकरण अधिकारिहरु लगायत तल्लो तहका पदाधिकारीले निर्वाचनको प्रगतिको अनुगमन गरिरहेका छन् । निर्वाचन आयोगले लगभग २० हजार नवनियुक्त बीएलओ सहित लगभग 78 हजार बुथ स्तरका अधिकारीहरू यस अभियानलाई पूरा गर्न निरन्तर काम गरिरहेको जनाएको छ । यसका साथै वृद्धवृद्धा, अशक्त, बिरामी र कमजोर व्यक्तिहरूलाई यस कार्यमा सहयोग गर्न चार लाखभन्दा अधिक स्वयंसेवकहरू पनि अगाडि आइरहेका छन्

**रेलवे भर्ती**

रेल मन्त्रालयले भर्ती प्रक्रियालाई पारदर्शी, कुशल र प्रविधिसान्दर्भिक बनाउन धेरै सुधारहरू ल्याएको छ। उम्मेदवारहरूको सुविधाको लागि, एक पटक पंजीकरण व्यवस्था सहित धेरै उपायहरू राखिएको छ। यसको माध्यमबाट, सम्पूर्ण भर्तीको समयमा आवेदन प्रक्रियासरलीकृत गरिनेछ। मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'पहिलो पटक सन् २०२४ देखि ग्रुप–सी र लेभल–१ श्रेणीका पदका लागि वार्षिक भर्ना क्यालेन्डर लागू गरिएको हो । यसले सूचनाको समयदेखि अन्तिम परीक्षासम्म उम्मेदवारहरूलाई पारदर्शिता र स्पष्टता सुनिश्चित गर्दछ।

धोखाधड़ी रोक्न र प्रविधिको विस्तार गर्न विशेष ध्यान दिइएको छ। आधारमा आधारित ई–केवाईसी, रियल टाइम फेशियल पहचान र फोटो भेरिफिकेसन परीक्षा प्रक्रियाको अभिन्न अंग हुन् । ठूलो मात्रामा परीक्षा सञ्चालनका लागि पूर्वाधार सुविधाहरू व्यापक रूपमा विस्तार गरिएको छ। दैनिक ३सय २५ भन्दा बढी परीक्षा केन्द्रमा करिब ३ सय ५० परीक्षार्थी सहभागी हुने छन् ।

**एयर इंडिया विमान दुर्घटना-प्रारम्भिक रिपोर्ट**

विमान दुर्घटना अनुसन्धान ब्यूरो-एएआईबीले गत महिना अहमदाबादमा भएको एयर इन्डियाको विमान दुर्घटनाको १५ पृष्ठको प्रारम्भिक जाँच रिपोर्ट सार्वजनिक गरेको छ । दुर्घटनामा परी २६० जनाको मृत्यु भएको थियो । रिपोर्टमा घटनाक्रम अनि एयर इन्डियाको बोइङ ७८७ विमान एआई–१७१ को इन्जिनको स्थितिको जांच गरिएको थियो ।

जाँच एजेन्सीले आफ्नो रिपोर्टमा विमानको ईन्धन नियन्त्रण प्रणाली रनबाट कटअफमा परिवर्तन भएको र टेकअफको केही सेकेन्डमा बिजुली आपूर्ति बन्द भएको जनाएको छ।

बाइट

यसैबीच, एयर इन्डियाले सबै नियामक र सरोकारवालाहरूसँग काम गरिरहेको र अहमदाबाद विमान दुर्घटनाको जारी अनुसन्धानमा अधिकारीहरूलाई पूर्ण सहयोग जारी राख्ने बताएको छ।

## विश्व धरोहर

भारतको मराठा सैन्य परिदृश्यलाई युनेस्कोको विश्व धरोहर सूचीमा समावेश गरिएको छ। यो प्रतिष्ठित उपलब्धि हासिल गर्ने यो देशको ४४ औं ठूलो उपलब्धि बनेको छ । युनेस्कोको मुख्यालय पेरिसमा विश्व धरोहर समितिको ४७औँ अधिवेशनमा उक्त घोषणा गरिएको हो ।प्रधानमन्त्री नरेन्द्र मोदी, महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फणनवीस र संस्कृतिमन्त्री गजेन्द्रसिंह शेखावतले यस ऐतिहासिक उपलब्धिका लागि जनतालाई बधाई दिएका छन् । यो विश्वव्यापी मान्यताले भारतको स्थायी सांस्कृतिक विरासतलाई प्रतिबिम्बित गर्दछ, जसले यसको वास्तुकला, क्षेत्रीय पहिचान र ऐतिहासिक निरन्तरतालाई पनि प्रतिबिम्बित गर्दछ।

## AMARNATH YATRA

जम्मू–कश्मीरको भगवती नगर यात्री निवास आधार शिविरबाट ६ हजार ६ सय ३९ तीर्थयात्रीको ११ औं जत्था कडा सुरक्षा व्यवस्थाबीच वार्षिक अमरनाथ यात्राका लागि आज बिहान प्रस्थान गरेको छन ।तीर्थयात्रीहरू २७५ वटा गाडीको काफिला लिएर काश्मिर उपत्यकाको बालटाल र पहलगामको दुई आधार शिविरतर्फ प्रस्थान गरेका छन।अधिकारीहरुका अनुसार २ हजार ३ सय ३७ तीर्थयात्री बालटाल आधार शिविरका लागि प्रस्थान गरेका छन् भने ४ हजार ३ सय २ तीर्थयात्री पहलगाम आधार शिविरका लागि प्रस्थान गरेका छन् । यी शिविरहरूबाट भक्तजनहरूले पवित्र अमरनाथ गुफा मन्दिरको यात्रा जारी राख्नेछन्।

## अमरीका-नाटो-युक्रेन

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले नेटोसँग मित्र राष्ट्रमार्फत युक्रेनमा हतियार पठाउने सम्झौता भएको बताउनु भएको छ । एक टिभी न्युज च्यानललाई दिएको अन्तर्वार्तामा उहाँले यस्तो बताउनु भएको हो । अमेरिकाले प्याट्रियट एयर डिफेन्स सिस्टम सहित युरोपका नेटो सहयोगीहरूलाई युक्रेनपठाउन विभिन्न हतियारहरू बेच्नेछ। पछिल्लो समय रुस–युक्रेन संघर्षका बेला रुसले युक्रेनमाथि ड्रोन र मिसाइलहरु प्रहार गरेको थियो । राष्ट्रपति ट्रम्पले युक्रेनका राष्ट्रपति वोलोदिमीर जेलेंस्कीसँगको वार्तापछि उक्त घोषणा गर्नुभएको हो ।

## विम्बलडन

विम्बलडन टेनिसको महिला सिंगल्सको फाइनलमा पोल्याण्डकी इगा स्वेताकेले अमेरिकाकी अमांडा अनिसिमोवाको सामना गर्ने भएकी छन् । खेल भारतीय समयअनुसार राति ८ः३० बजे सुरु हुनेछ । सेमिफाइनलमा स्वेताकेले स्विट्जरल्याण्डकी बेलिन्डा बेनसिचलाई तथा अनिसिमोभाले बेलारुसकी अरियाना साबालेन्कालाई हराउँदै फाइनलमा स्थान बनाएकी हुन् ।

यस्तै यानिक सिनर र कार्लोस अल्काराज पुरुष एकलको फाइनलमा प्रवेश गरेका छन् । सेमिफाइनलमा सिनरले नोभाक जोकोभिचलाई ६–३, ६–३, ६–४ को सोझो सेटमा पराजित गर्दै फाइनलमा स्थान बनाएका हुन् । यसअघि अल्काराजले अमेरिकाका टेलर फ्रिट्जलाई पराजित गर्दै फाइनलमा स्थान बनाएका थिए ।

सिनर र अल्काराज लगातार दोस्रो ग्रान्डस्लामको फाइनलमा आमनेसामने हुनेछन् । गत महिना फ्रेन्च ओपनको फाइनल दुवैबीच भएको थियो । यसमा अल्काराज विजयी भएका थिए ।

****** ० ******